# ऐतिहाँसिक प्रथम महाधिवेशन तथा दोस्रो साधारणसभामा कार्यसमितिको तर्फबाट संस्थाका महाचिव भिम विश्वकर्माद्धारा प्रस्तुत वार्षिक प्रतिवेदन-२०८१



**सभाका सभाध्यक्ष महोदय,**

**प्रमुख अतिथिज्यू,**

**अतिथि वर्ग, संचारकर्मी तथा पत्रकारज्यूहरु,**

**विभिन्न उप–समितिका साथीहरु एवं**

**आदरणीय उपस्थित सदस्य महानुभावहरु,**

संस्थाको एतिहाँसीक प्रथम महाधिवेशन तथा दोस्रो बार्षिक साधारण सभालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि उपस्थित हुनुभएका प्रमुख अतिथि, अतिथि वर्ग तथा आदरणीय सदस्य महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै स्वागत तथा संस्थागत एवं ब्यक्तिगततर्फबाट अभिवादन गर्न चाहन्छु । यस अवसरमा नागरिक अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा लड्दालड्दै सहादत प्राप्त गर्नुहुने सबै ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै उहाँहरूको योगदानको उच्च स्मरण गर्दछु । साथै आजको यस अवसरमा हाम्रो सामुन्ने आईरहेका पर्वहरु हरितालिका तिज, विजया दशमी, शुभ दिपावली तथा नेपालको मौलिक सम्बत् नेपाल सम्बत ११४५ को उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।

पत्रकारिता भन्नाले सत्य, तथ्य घट्नाहरूमा आधारित रहि सञ्चार माध्यमबाट आम नागरिकलाई जानकारी गराउनु नै पत्रकारिता हो । आजको युग विज्ञानको युग हो। विश्वमा घटेका हरेक घट्नाको जानकारी र विवरण तुरुन्तै विश्वको सबै कुनामा पुग्छन । पत्रकारिती राज्यको चौथो महत्वपूर्ण अङ्ग हो। राष्ट्रको सञ्चार नीति र स्रोत बाँडफाँट योजनाको उचित संयन्त्रको अभावमा पत्रकारिता शिक्षा हासिल गरेको जनशक्तिलाई प्रयोग गर्न सकिएको छैन । यसै सन्दर्भमा पाणिनी गाउँपालिकाको विकास र समृद्धीमा हातेमालो संगै घटेका, लुकाउन खोजिएका घटनाको उजागर गर्नको निम्ती पत्रकारहरुको एकता अबश्यक रहेको हुदा पाणिनि गाउँपालिकाका पत्रकारहरू मिली पाणिनि पत्रकार समाज, नेपालको स्थापना गरीएको हो ।

स्थापनाको २ वर्षमा संस्थाले जिल्लामा आफ्नो बलियो शाख बनाएको मैले महशुस गरेको छ । जिल्ला मै पहिलो पटक जिल्लास्थित सम्पूर्ण संचारकर्मी तथा पत्रकारहरूलाई एक जुट बनाई प्रथम जिल्ला मिडिया सम्मेलन सफलता पूर्वक सम्पन्न गरेको त्यो २०८० अशोज १९ र २० गतेको एतिहासीक क्षणलाई म स्मरण गर्न चाहान्छु । संस्थाको आयोजनामा सम्पन्न उक्त सम्मेलन संस्थाको लागि र पुरै जिल्ला मै एतिहाँसीक त बन्यो नै पाणिनी गाउँपालिकाको लागि अझ विशेष बन्यो । हामीले गरेको सोहि मिडिया सम्मेलनमा उपस्थित हुनु भएका माननीय लुम्बिनी प्रदेश सदस्य एवं पूर्व भौतिक पूर्वधार मन्त्री धर्म बहादुर चौधरीकोले हामीसंग गरेको प्रतिबद्धता पुरा गरेसंगै भाषाको जननी पाणिनि तपोभूमीसम्म पुग्ने सडक स्तारोन्तीको लागी बजेट बिनियोजन भयो ।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानीत साधारण सभा समक्ष गत आर्थिक बर्ष २०८०/०८१ को बार्षिक प्रगति विवरण तथा चालु आर्थिक बर्ष २०८१/०८२ को लागि बार्षिक

कार्यक्रमहरु यस प्रतिवेदन मार्फत यस सम्मानीत दोस्रो बार्षिक साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सर्बप्रथम गत आर्थिक बर्ष २०८०/८१ को प्रगति प्रतिवेदन यस सम्मानीत साधारण सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

## १. वार्षिक साधारणसभा

संस्थाको प्रथम साभारणसभा मिति २०८० को भदौ महिनामा संस्थाका सम्पूर्ण सदस्यहरूको उपस्थितीमा सम्पन्न गरीयो । उक्त कार्यक्रमबाट संस्थाको आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन, सांगठनीक प्रतिवेदन तथा आर्थिक प्रतिवेदनलाई सर्वसम्मत रूपमा पारित गरीएको यस सभा समक्ष जानकारी गराउन चाहान्छु । आर्थिक वर्ष २०७९/०८० मा संस्थाले पत्रकारीता तालिम वडा नं. २, महिला नेतृत्व विकास तालिम वडा नम्बर ५, हाजिरी जवाफ प्रतियोगिता वडा नम्बर ७ को समन्वयमा भएको रू १ लाख ७५ हजार तथा अन्य गरी १ लाख ८४ हजार रूपैयाँ बराबरको लेखा परिक्षण गरीएको थियो ।

## २. प्रथम जिल्ला मिडिया सम्मेलन

संस्थाको गर्व गर्न लायक कार्यक्रम प्रथम जिल्ला मिडिया सम्मेलन-२०८० हो । यो कार्यक्रम लुम्बिनी प्रदेश सदस्य तथा तत्काली भौतीक पूर्वाधार मन्त्री धर्म बहादुर चौधरीको प्रमुख आतिथ्ता तथा लुम्बिनी प्रदेश सदस्य रामजी प्रसाद घिमिरेको विशिष्ट आतिथ्यता एवं जिल्ला स्थीत सम्पूर्ण पालिकाका प्रमुख, उपप्रमुख, बिभिन्न कार्यालयका प्रमुख, बिभिन्न संध संस्था, जिल्ला स्थित पत्रकार एवं संचारकर्मीहरूको उपस्थितीमा अशोज १९ र २० गते सम्पन्न भएको थियो । ग्रामिण पत्रकारहरूले स्थानीय बिकासमा खेलेको भूमिकाको छलफल, पाणिनि गाउँपालिकाका पर्यटकिय तथा धार्मिक स्थलहरूको प्रचारप्रसार, अन्य स्थानीय तहहरूको बिकासको अनुभव साटासाट, पाणिनिको

**बिकासमा भए गरेका गतिबिधिको प्रचारप्रसार लगायतलाई मुख्य लक्ष्य बनाएर आयोजना गरीएको सम्मेलनमा १५० जनाको सहभागिता रहेको थियो । कार्यक्रम २ दिने भएको हुदा हामीले आवसिय सहितको ब्यवस्थापन गरेका थियौं । उक्त कार्यक्रमको प्रभावले पाणिनि गाउँपालिका देखि तिनगिरेसम्मको मोटरबाटो स्तरौन्नतीको लागि प्रदेश सरकारबाट बजेट बिनियोजन भयो । यसका साथै पाणिनि तपोभूमीको प्रचार प्रसारमा समेत टेवा पुगेको हाम्रो ठम्याइ छ । पाणिनि गाउँपालिकाको सगुन एग्रो रिर्सोटमा भएको औपचारिक कार्यक्रम राज्य टेलिभिजनबाट प्रत्यक्ष प्रसारण समेत भएको थियो । पाणिनि तपोभूमीमा सम्पन्न सम्मेलनले १० बुदे तपोभूमि घोषणापत्र जारी गरेको थियो ।**

## ३. हाजिरी जवाफ प्रतियोगिता

**अगिल्लो आर्थिक वर्षमा जस्तै यो वर्ष पनि पाणिनि गाउँपालिकाको वडा नम्बर ६ को आर्थिक सहयोगमा वडामा विद्यालयस्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न गरीयो । उक्त कार्यक्रममा धातिवाङ्का सम्पूर्ण विद्यालयको सहभागिता रहेको थियो ।**

## ४. सदस्यता

**पाणिनि पत्रकार समाजमा ९ जना सदस्यहरूको मूल कार्यसमिति रहेको छ । त्यस बाहेका ५ जनाको सल्लाहकार समिति रहेको छ । साथै नयाँ सदस्यको रूपमा हामीले यो कार्यकालमा १० जान नयाँ सदस्यता थप गरेका छौं । पत्रकारीता गरेको मान्छे नै सदस्य बन्नु पर्ने बिधान रहेको हुदा यो थपिएको सदस्यता संख्या आफैमा ठुलो संख्या हो । संस्थाको बिधानले कार्यक्षेत्र जिल्लाभर भएपनि कार्यक्षेत्र विस्तार गरीएको छैन ।**

**५. सञ्चालन नीति तथा कार्यविधि परिमार्जन :**

संस्थाको बिभिन्न मितिमा बसेको कार्यसमितिको बैठकले संस्था संचालनका लागि बिभिन्न कार्यबिधि तथा बिभिन्न उपसमितिहरू तयार गर्ने अधिकार कार्यसमितिलाइ रहेको छ । जसअनुसार बिधान सैशोधनका लागि समेत आवश्यक छलफल भइरहेको छ।

**६. समीक्षा कार्यक्रम :**

संस्थाले गर्ने हरेक गतिबिधि पश्चात समिक्षा बैठक बस्ने गरीएको छ । संस्थाले वार्षिक योजना कार्यान्वयनको आवधिक समीक्षा गर्दै आएको छ । प्रथम बार्षिक साधारण सभाले पारित गरेको आर्थिक वर्ष २०७९/०८० को बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयनको आवधिक रूपमा समीक्षा गरिएको छ।

**७.नीति तथा कार्यविधि अद्यावधिक :**

संस्थाको दैनिक कार्य सञ्चालनमा एकरूपता तथा पारदर्शीता कायम गर्नका लागि नीति र कार्यविधिहरूको प्रयोग गर्दै आएको कुरा यहाँहरूमा जानकारी नै छ। यसलाई आवधिक रूपमा संशोधन, परिमार्जन तथा पुनर्लेखन गरी समय सापेक्ष अद्यावधिक गर्दै आइएको छ । गत आ.ब.मा पनि केही नीति तथा कार्यविधिहरू संशोधन तथा पुनर्लेखन गर्ने कार्य सम्पन्न भएका छन।

**सभाध्यक्ष महोदय,**

यो आ.व. सोचे जस्तै नबने पनि समग्रमा सन्तोषजनक रह्‌यो । भए गरेका कमि कमजोरीहरूलाई सच्याउदै एकताबद्ध भएर अगाडि बढ्नु विकल्प छैन । संस्थामा देखिएको एकता नै सबैभन्दा सवल पक्ष हो । बिगतकालाइ समिक्षा गर्दै संस्थाको चालु आर्थिक बर्ष २०८१/०८२ को लागि वार्षिक कार्यक्रमहरू तयार गरेको छु । संस्थाका सदस्यहरू, सल्लाहकार, विभिन्न उप-समितिहरू र सदस्य महानुभावहरूबाट प्राप्त सुझावहरूलाई चालु आर्थिक बर्षको बार्षिक कार्यक्रमको निर्माणमा मार्गदर्शनको रूपमा लिएको छु । प्रस्तुत कार्यक्रमहरूको सफल कार्यान्वयमा सबैको सक्रिय सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यस सम्मानीत प्रथम महाधिवेशन तथा दोस्रो बार्षिक साधारण सभा समक्ष संस्थाबाट चालु आर्थिक बर्ष २०८१/०८२ को बार्षिक कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालु बर्षमा पनि विगत बर्षहरूमा जस्तै संस्थाको विभिन्न गतिविधिहरूलाइ थप चलायमान र परिस्कृत ढंगले निरन्तरता दिईने छ ।

२. उत्कृष्ट योगदान पुऱ्याउनुहुने सदस्य महानुभावहरू तथा बिभिन्न क्षेत्रमा कलम चलाउने पत्रकारलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

३. बिभिन्न वडासंग समन्वय गरी गरीने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।

४. इच्छुक एवं विधान बमोजिम योगदान पुगेका नागरीकलाई समाजको सदस्यता दिने कार्य निरन्तर सहने छ ।

**५. निकट भविष्य मै विधान महाधिवेशन आयोजना गरी आवश्यक परिमार्जन तथा संशोधनको कार्य आगाडि बढाइने छ।**

**६. पत्रकारहरूको क्षमता विकासका लागि दक्ष एवं अनुभवि पत्रकारहरूबाट क्षमता विकास तालिमको आयोजना गरीने छ।**

**७. संस्थाको स्वामित्वमा रहने गरी अनलाईन पत्रिका संचालन गरीनेछ।**

**८. संस्थाको आधिकारीक बेवसाईट निर्माण गरीने छ। जसमा जनताका गुनासा तथा समाचारको संकलन गर्न एउटा छुट्टै संयन्त्र बनाईने छ। जसको प्रयोगबाट आम नागरीकले घटेका, लुकेका, लुकाईएका समाचारहरूको गोप्य सूचना दिने छन्। उनिहरूको सूचनाको छानविन गरी तथ्य प्रमाण सहित समाचार संप्रेशन गरीने छ।**

**९. बिभिन्न संघ संस्था तथा दाताहरूसंग समन्वय गरी बिपद न्युनीकरण तथा विपद ब्यवस्थापनका लागि विपदमा पत्रकार समाज कार्यक्रम संचालन गरीने छ।**

**१०. रक्तदान शिविर तथा स्वास्थ्य शिविरको आयोजना गरीने छ।**

**१२. अध्ययन अवलोकन तथा स्रोत संकलन भ्रमणको आयोजना गरीने छ।**

**१३. नियमित बैठकमा घुम्ति प्रणाली गरीने छ। जसले गर्दा प्रचारप्रसार एवं समाचार स्रोत संकलनलाई सहज हुने छ।**

**१४. मिडिया सम्मेलनलाई निरन्तरता दिईने छ।**

**१५. पाणिनि पत्रकार समाजको ब्यानरमा भित्तेपात्रो प्रकाशन गरीने छ।**

**१६. बिभिन्न चाडवाड तथा संस्थाको स्थापना दिवशमा बिशेष कार्यक्रमको आयोजना गरीने छ।**

**१७. पत्रकारलाई ब्यवसायिक बनाउन आवश्यक नीतिको अवलम्बन गरीने छ ।**

**१८. अन्य संघसंस्थाहरुसंगको सम्बन्धलाई थप सुदृढ गरीने छ ।**

**१९. मिडिया एथिक्स र पत्रकारहरूको जिम्मेवारी सम्बन्धी कार्यशाला संचालन गरीने छ ।**

**२०. प्रेस स्वतन्त्रताको संरक्षणका लागि अभियानहरुको आयोजना गरीने छ ।**

**२१. पत्रकारहरुको हकहितको रक्षा र उनीहरुको सुरक्षा सुनिश्चित गर्न पहल गरीनेछ ।**

**२२. पछिल्लो समाजकि संजालको बढ्दो प्रयोगले गर्दा धेरै मानिसहरू मिथ्या सूचनाको शिकार भईरहेका छन, यसको न्युनीकरणका लागि फेक न्युज विरुद्ध सचेतना अभियान संचालन गरीने छ ।**

**२३. संस्थाले गरेका गतिबिधिको बारेमा सार्वजनीक सूनुवाई गरीने छ ।**

**संक्षेपमा**

**१. पत्रकारिता तालिम र क्षमता अभिवृद्धि कार्यक्रम**

**आधारभूत र उन्नत पत्रकारिता तालिम:**

- सदस्य पत्रकारहरूको सीप र क्षमता विकास गर्न नियमित तालिम आयोजना गर्ने।
- मल्टिमिडिया, डिजिटल पत्रकारिता, अनुसन्धानमूलक पत्रकारिता जस्ता विषयमा विशेष तालिम कार्यक्रमहरू संचालन गरीने छ।

**तालीम पश्चातको मूल्याङ्कन:**

- हरेक तालिमपछि सहभागीहरूको सीप र कार्य प्रदर्शनको मूल्याङ्कन गर्ने व्यवस्था गरिने छ।

**२. समाचार सञ्जाल विस्तार र गुणस्तर सुधार**

**स्थानीय समाचार संकलन र वितरणको विस्तार:**

- स्थानीय स्तरमा समाचार संकलनको लागि सशक्त सञ्जाल निर्माण गरिनेछ।
- अनलाइन पोर्टल, टेलिभिजन, सामुदायिक रेडियो, वा पत्रिकाको नियमित प्रकाशन र प्रसारणको आवश्यक प्रबन्ध गरीने छ।

**नागरिक पत्रकारितालाई प्रोत्साहन:**

- स्थानीय नागरिकहरूलाई पनि समाचार लेख्न र रिपोर्ट गर्न प्रोत्साहित गर्दै पत्रकारिताको क्षेत्र फराकिलो बनाउन आवश्यक पहल गरीने छ।

## ३. पत्रकार सुरक्षा र कल्याण कार्यक्रम

**पत्रकार बीमा योजनाः**

- सदस्य पत्रकारहरूको स्वास्थ्य बीमा, जीवन बीमा, र अन्य सुरक्षा उपायहरू लागू गर्न पहल गर्ने।

**संकट व्यवस्थापन कोषः**

- आपतकालीन अवस्थामा आर्थिक सहयोग गर्नका लागि विशेष कोष स्थापना गरिने छ।

## ४. सामाजिक संवाद र सामुदायिक सहभागिता कार्यक्रम

**सार्वजनिक बहस र प्यानल छलफलः**

- समाजमा महत्वपूर्ण मुद्दाहरूमा सार्वजनिक बहस, प्यानल छलफल वा खुला बैठक आयोजना गर्ने नीति अगाडि बढाइने छ।

**सामाजिक मुद्दाहरूमा रिपोर्टिङः**

- स्वास्थ्य, शिक्षा, वातावरण, र सामाजिक न्यायजस्ता महत्वपूर्ण मुद्दाहरूमा विशेष रिपोर्टिङ गरिने छ।

**नागरिक संवाद कार्यक्रमः**

- स्थानीय समुदायसँग प्रत्यक्ष संवाद गरी उनीहरूको राय संकलन गर्ने र संस्थाको गतिविधिमा सहभागी गराउने नीति अवलम्बन गरिने छ।

## ५. अनुसन्धानमूलक पत्रकारिता कार्यक्रम

**विशेष अनुसन्धान रिपोर्ट:**

- भ्रष्टाचार, मानवअधिकार, सामाजिक अन्यायजस्ता गम्भीर विषयहरूमा अनुसन्धानमूलक रिपोर्ट तयार गरिने छ।

**डाटा पत्रकारिता:**

- तथ्याङ्कको आधारमा समाचार र विश्लेषण गर्ने डाटा पत्रकारिताको अभ्यासलाइ जोड दिइने छ।

## ६. साझेदारी र नेटवर्किङ कार्यक्रम

**अन्तर-संस्थागत साझेदारी:**

- अन्य पत्रकार संघ/संस्थाहरू, सरकारी निकायहरू, र गैर-सरकारी संस्थाहरूसँग सहकार्य र साझेदारी विस्तारलाइ निरन्तरता दिइने छ।

**अन्तर्राष्ट्रिय मञ्चमा सहभागिता:**

- अन्तर्राष्ट्रिय पत्रकार मञ्चहरूमा सहभागिता जनाउँदै संस्थालाई विश्वस्तरमा परिचित गराउन पहल गरिने छ।

## ७. पुरस्कार र मान्यता कार्यक्रम

**उत्कृष्ट पत्रकारिता पुरस्कार:**

- प्रत्येक वर्ष उत्कृष्ट रिपोर्टिङ, लेखन, र अन्य पत्रकारिता कार्यका लागि पुरस्कार वितरण

**विशेष योगदान सम्मान:**

- पत्रकारिता क्षेत्रमा लामो समयदेखि विशेष योगदान दिएका व्यक्तिहरूलाई सम्मान गरिने छ।

**८. नवीनतम प्रविधि प्रयोग र डिजिटल परिवर्तन**

**डिजिटल उपकरण र सफ्टवेयर प्रयोग:**

- डिजिटल उपकरण र सफ्टवेयरहरूको प्रयोग गरी समाचार संकलन र सम्पादनको गुणस्तर सुधार।

**अनलाइन उपस्थितिलाई सशक्त बनाउने:**

- संस्था र त्यसका कार्यक्रमहरूको अनलाइन उपस्थिति बलियो बनाउन वेबसाइट, सोसल मिडिया, र अन्य डिजिटल प्लेटफर्महरूको सशक्त प्रयोग गरिने छ।

यस सम्मानीत दोस्रों वार्षिक साधारण सभा तथा प्रथम महाधिवेशनमा प्रस्तुत गरिएको गत आ.ब.को प्रगति प्रतिवेदन तथा चालु आ.ब.को बार्षिक कार्यक्रमहरूका सम्बन्धमा विस्तृत रूपमा छलफल गरी राय, सुझाव, निर्देशनहरू प्रस्तुत गरी दिनुहुन सम्पूर्ण आदरणीय सदस्यहरूमा अनुरोध गर्न चाहन्छु। साथै प्रस्तुत प्रतिवेदन तथा कार्यक्रमहरूलाई यस सम्मानीत साधारण सभाबाट पारित गरी दिनुहुन प्रस्ताव समेत गर्दछु।

संस्थाको महासचिवको हैसियतले यस सम्मानीत सभामा अन्तिम प्रतिवेदन प्रस्तुत गर्दै संचालक समितिको यस कार्यकाललाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग गर्नु हुने सम्पूर्ण सदस्य महानुभावहरू,

सल्लाहकार, अग्रज पत्रकार, स्थानीय तह, बिभिन्न तहतप्कामा रहनुहुने सम्पूर्णमा हार्दिक धन्यवाद ज्ञापनका साथ यस सम्मानीत साधारण सभा तथा महाधिवेशनले आज निर्वाचित गर्नु हुने पदाधिकारीहरूलाई पनि विगतमा जस्तै साथ र सहयोग प्रदान गर्नुहुनेछ भन्ने विश्वास लिएको छु ।

अन्तमा पत्रकारीताको दुनिया भेरै बदलीसकेको छ । पहिला पहिला खबरका माध्यम अखबार मात्र हुन्थे । तर अहिले जमाना डिजिटलाइज भएको छ, अहिले हामीसंग मोवाइल, टिभि, रेडियो, अनलाईन समेत छन । जमाना जतिुकै विकसीत किन नहोस तर एउटा कुरा कहिल्यै परिवर्तन हुदैन् । त्यो हो सत्य र निश्पक्षताको महत्व । हाम्रो पहिलो काम नै यहि हो सत्य बोल्ने, निश्पक्ष हुने र इमान्दार पत्रकारीता गर्ने । हामि चाहान्छौ कि हरेक समाचार सत्य होस, निश्पक्ष होस र जनतालाई सहि जानकारी देओस । जसरी राम्रो घर बनाउन बलियो जग चाहिन्छ त्यसै गरी राम्रो समाज बनाउन राम्रो पत्रकारीता चाहिन्छ किनकी जिम्मेवार पत्रकारले मात्र समाजलाई सहि बाटो देखाउन सक्छ । केवल समाचार लेखेर मात्र हुदैन, गहिरिएर, बुजेर लेखे मात्र पत्रकारीता पुरा हुन्छ यसलाई किमार्थ बिर्सने छैनौं । साथै पत्रकारितालाई मर्यादित र सम्मानीत बनाउनका लागि आचारसंहिताको पूर्ण कार्यान्वयनमा प्रतिबद्ध छौं भन्दै हाम्रो नजिक आईरहेका चाडहरू हरितालिका तिज, विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत् ११४४ नयाँ बर्ष तथा छठ पर्वकोअवसरमा हार्दिक शुभकामना व्यक्त गर्दै यो प्रतिवेदन टुंग्याउन चाहन्छु ।

धन्यवाद ! जय पाणिनी पत्रकार समाज !!

# पाणिनि पत्रकार समाज नेपालको आयोजनामा भएको प्रथम मिडिया सम्मेलन-२०८०

## पाणिनि तपोभूमि दह घोषणा पत्र

अर्घाखाँची जिल्ला भित्रका सम्पुर्ण पत्रकार तथा मिडियाहरुका सञ्चालकहरुको सहभागीता, पाणिनि पत्रकार समाज नेपालको आयोजनामा मिति २०८० साल असोज १९ र २० गते चलेको मिडिया सम्मेलन २०८० मा उठेका सवाललाई समेटेर यो पाणिनि तपोभुमि घोषणा पत्र २०८०, सार्वजनिक गरिएको छ।

१) अर्घाखाँची जिल्ला भित्र रहेका पत्रकार तथा मिडिया हाउसहरुको संख्या उल्लेख्यनीय छन्। मिडिया हाउसमा अर्घाखाँची जिल्ला भित्र सयौंको संख्यामा सञ्चारकर्मी सहित विभिन्न पदमा कार्यरत जनशक्ती छन्। पत्रकारहरुको क्षमता अभिवृद्धी तथा मिडिया हाउसको संरक्षणका लागी सरकारी र नीजि क्षेत्रले मिडिया हाउसलाई सहयात्रीको रुपमा सहकार्य गर्ने वातावरण वनाउन सम्मेलनले माग गर्दछ।

२) पत्रकार तथा मिडिया हाउस आर्थिक रुपले सवल र सक्षम हुन नसकेकाले सन्देश तथा समाचारमुलक कार्यक्रमहरु उत्पादन र मिडियाकर्मीलाई पारिश्रमिक उपलब्ध गराउन कठिन भएको छ। त्यसैले मिडियालाई सवल वनाउन आम्दानीको स्रोत विज्ञापन बजार हो। यसलाई व्यवस्थित गर्न संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँगै उद्योग, व्यवसाय र अन्य निकायहरुले पत्रकार तथा मिडिया हाउसलाई सवलिकरण र सामाजिक जवाफदेहीता अभिबृद्धिमा लाग्न प्रोत्साहन गर्नका लागी यो मिडिया सम्मेलनले जोडदार माग गर्दछ।

३) मिडिया हाउस सक्षम र सवल भएको खण्डमा मात्र श्रमजीवी पत्रकार ऐनको व्यवहारिक गर्न तथा सम्पुर्ण मिडियाहरुमा कार्यरत पत्रकारहरुको लागि श्रमजिवि पत्रकार ऐन तथा न्युनतम पारिश्रमिकको व्यवस्थापन गर्न आग्रह गर्दछ।

४) व्याकरणको रचना भएको पाणिनि तपोभुमि दह, दुर्वाविश्वर गुफा दुर्गाफाट, सिद्धेश्वर गुफा धातिवाङ्ग, सुपादेउराली मन्दिर, डमरु दह ठाडा, छत्रमहाराज मन्दीर, मालारानी मन्दिर, सेङ्गलेड दह, अर्घा भगवती मन्दिर, सिद्धेश्वर शिवालय मन्दिर सन्धिखर्क लगाएत पाणिनी तथा जिल्लाभरमा रहेका धार्मिक एवम् पर्यटकिय स्थलहरुको प्रचारप्रसारका लागी सञ्चार माध्यम तथा पत्रकारहरुको समन्वयमा प्रचारप्रचार गराउने व्यवस्था मिलाउन स्थानिय सरकारसमक्ष यो सम्मेलन जोडदार माग गर्दछ।

५) सरकारले संचारगृहलाई दिँदै आएको लोककल्याणकारी विज्ञापनको रकम शतप्रतिशत वृद्धि गर्न र समानुपातिक हिसावले वितरण गर्न यो सम्मेलन माग गर्दछ।

६) रेडियो, टेलिभिजन र अनलाईन नविकरणको व्यवस्थालाई सरल र सहज बनाउनुपर्ने यो सम्मेलन माग गर्दछ । दर्ता विना कतिपय मिडियाहरु सञ्चालनमा रहेकोले यसको अनुगमन र निरिक्षण गरी दर्ता प्रक्रिया र कानूनी दायरामा ल्याउन सम्मेलन माग गर्दछ ।

७) संघीय शासन पद्धतिको मर्मलाई ध्यानमा राखेर प्रेस पास वितरण, नविकरण, लोककल्याणकारी विज्ञापन, वर्गीकरण र अनुगमन जिल्लास्तरमै हुनेगरी संयन्त्र तयार गर्न यो सम्मेलन माग गर्दछ ।

८) पाणिनि ऋषीले तपस्या गरी व्याकरणको रचना गरेको ठाउँ संस्कृत भाषाको जननी पाणिनी तपोभुमि दहको संरक्षण तथा सम्बर्द्धन गर्दै योग केन्द्रका रुपमा विकास गर्न केन्द्र सरकार, प्रदेश सरकार र स्थानिय सरकारसँग यो सम्मेलनले माग गर्दछ ।

९) मिडिया हाउस र मिडिया हाउसमा कार्यरत पत्रकार तथा सञ्चारकर्मीहरुको क्षमता वृद्धिको लागि तालिम सञ्चालन गर्न सरोकारवाला निकायको यो सम्मेलनले ध्यानाकर्षण गराउँछ ।

१०) असोज १९ गते दुर्गाफाटमा र २० गते पाणिनि तपोभुमि दहमा आयोजित यस सम्मेलन सफल पार्न सहयोग पुऱ्याउने प्रदेश सरकार, स्थानीय सरकारहरु, नीजिक्षेत्र र विभिन्न संघ संस्था, व्यक्तिप्रति हार्दिक आभार व्यक्त गदै आगामी दिनमा यस्तै सहकार्य र समन्वय गर्न माग गर्दछ ।

अन्त्यमा, अर्घाखाँचीका मिडिया हाउस तथा पत्रकारहरुको सवलिकरणमा तिनै तहका सरकारहरु र नीजिक्षेत्रसँग सहकार्य गर्न पाणिनी पत्रकार समाज नेपाल सदैब तयार रहेकाले मिडिया हाउसको विकासले समग्र जिल्लाको समृद्धि र विकासमा सहयोग पुग्ने अपेक्षा गर्दछौ ।

घोषणापत्र लेखन समिती

प्रकाश प्युठानी
अध्यक्ष

धनश्याम पौडेल
सदस्य

विजय पोखेल
सदस्य

श्याम घिमिरे
संयोजक

पाणिनि पत्रकार समाज, नेपाल

मिती: २०८० असोज २० गते शनिबार ।


मालारानी गाउँपालिका
अर्घाखाँची

